# प्रेस विज्ञप्ति- ३२७

# Press Release- 327

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौं ।
मिति: २०८०।०१।१९ गते ।

## लागु औषध गाँजा २०२ के.जी. सहित ३ जना मानिस पक्राउ

जिल्ला मकवानपुर, थाहा न.पा. वडा नं ७ आग्रा स्थितमा अवैध लागु औषध गाँजाको खरिद बिक्रि कारोवार भई रहेको छ भन्ने बिशेष सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरो कोटेश्वर र ई.प्र.का. पालुङ, मकवानपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले निरन्तर निग्रानी गर्दै जाने क्रममा मिति २०८०।०१।१८ गते बिहान अं. ०५:०० बजेको समयमा ऐ.ऐ. ठेगाना भएको बर्ष ६७ को ईन्द्र बहादुर थिङको घरबाट १७५ के.जी. गाँजाको धुलो र ऐ.ऐ. ठेगाना भएका बर्ष ७६ को भिम बहादुर थिङ र बर्ष ३९ को शिबराज थिङको घरबाट २७ के.जी. गरी जम्मा **२०२ के.जी. गाँजा**को धुलो सहित ३ जना मानिस पक्राउ गरी लागु औषध नियन्त्रण-ऐन २०३३ बमोजिम आवश्यक अनुसन्धान तथा कारवाहीको लागि निजहरूलाई ईलाका प्रहरी कार्यालय, पालुङ मकवानपुरमा बुझाइएको ।

नोट :-

*साथै निजहरूको साथबाट बरामद भएको लागु औषध गाँजाको अवैध बजार मुल्य अन्दाजी प्रति के.जी. रू.१५,०००/- का दरले अं. रू.* ***३०,३०,०००/-*** *रहेको ।*




**प्रवक्ता/ सूचना अधिकारी**
**(चक्रराज जोशी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्वर : ९८५११३२७४३**



